

लीलाराम कुन्तीदेवी न्यौपाने प्रतिष्ठान
LILARAM KUNTIDEVI NEUPANE FOUNDATION
२०६७

# लीलाराम कुन्तीदेवी न्यौपाने प्रतिष्ठान

## Lilaram Kuntidevi Neupane Foundation

२०७५

# परिचय

सामाजिक संस्थाको रूपमा मिति २०६७ वैशाख ६ गते जिल्ला प्रशासन कार्यालय काठमाडौंमा दर्ता नं. १०५७ बाट स्थापित लीलाराम कुन्तीदेवी न्यौपाने प्रतिष्ठान समाजकल्याण परिषद्मा आबद्धता नं. ३३३६२ बाट आबद्ध भई क्रियाशील रहेको छ। हाल यसको सम्पर्क कार्यालय सभक्तिमार्ग, सिफलचौरमा रहेको छ।

# उद्देश्य

यस प्रतिष्ठानको मुख्य उद्देश्यहरू निम्न रहेका छन्।

- गैरसरकारी संस्थाको रूपमा राष्ट्रको विकास र समृद्धिमा आफ्नो तर्फबाट सहयोग पुऱ्याउने।
- मातापिताको नाममा विभिन्न अक्षय कोषको स्थापना गरी विशेषतः शिक्षा क्षेत्रमा महत्त्वपूर्ण भूमिका निर्वाह गर्ने व्यक्ति, सङ्घसंस्था वा समूहलाई सम्मानित र पुरस्कृत गर्ने।
- प्रतिष्ठानले विभिन्न स्थानमा धर्मशाला वा पाटिपौवा, कुलोपानी वा ग्रामीण विकासका कार्यक्रमहरूका लागि आवश्यक सहयोग गर्ने, गराउने।
- शिक्षा र स्वास्थ्य सेवामा पहुँच नभएकाहरूलाई पनि न्यूनतम सेवासुविधा उपलब्ध गराउन पहल गर्ने।
- राष्ट्रिय जीवनका विविध क्षेत्रहरूमा विशिष्ट योगदान पुऱ्याउने व्यक्तित्वहरूको उचित सम्मान गर्दै जाने।



लीलाराम कुन्तीदेवी न्यौपाने प्रतिष्ठान
Lilaram Kuntidevi Neupane Foundation

# पुरस्कार तथा सम्मानको स्थापना

प्रतिष्ठानको विधानको परिच्छेद २ को दफा ४ बमोजिम संस्थाको उद्देश्य परिपूर्तिको लागि स्थापना भएको अक्षयकोषबाट प्राप्त हुने ब्याजबाट समाजसेवी लीलाराम न्यौपानेको जन्मजयन्ती चैत्र २९ गतेलाई लक्षित गरेर निम्नानुसार सम्मानहरू प्रदान गरिने छ।

**क. लीलाराम कुन्तीदेवी न्यौपाने समाजसेवा सम्मान**

समाजसेवाको क्षेत्रमा समर्पित भई निरन्तर क्रियाशील समाजसेवीलाई प्रदान गरिनेछ।

**ख . लीलाराम कुन्तीदेवी न्यौपाने स्वास्थ्यसेवा सम्मान**

स्वास्थ्यसेवाको क्षेत्रमा महत्त्वपूर्ण योगदान गर्ने स्वास्थ्यकर्मीलाई प्रदान गरिनेछ।

**ग . लीलाराम कुन्तीदेवी न्यौपाने शिक्षासेवा सम्मान**

नेपाल राष्ट्रभरिका विद्यालयमा कार्यरत उत्कृष्ट शिक्षकलाई प्रदान गरिनेछ।

**घ. लीलाराम कुन्तीदेवी न्यौपाने पत्रकारिता सम्मान**

पत्रकारिताका क्षेत्रमा क्रियाशील (प्रिन्ट मिडिया र विद्युतीय मिडिया) मा कार्यरत व्यक्तित्वलाई प्रदान गरिनेछ।

**ङ. लीलाराम कुन्तीदेवी न्यौपाने खेलकुद सम्मान**

खेलकुद क्षेत्रमा क्रियाशील उत्कृष्ट खेलाडीलाई प्रदान गरिनेछ।

पुरस्कार तथा सम्मान प्रदान गर्नका निम्ति व्यक्ति तथा संस्थाको नाम सिफारिस गर्न हरेक वर्ष पुरस्कार छनोट सिफारिस समितिबाट प्राप्त नामावलीलाई प्रतिष्ठानको सञ्चालक समितिले छनोट गरी घोषणा गरिनेछ।

पाँचवटा विषयगत क्षेत्रमा प्रदान गरिने पुरस्कारको राशी अर्को निर्णय नभएसम्मका लागि आ. व. ०७४/०७५ मा रकम वृद्धि गरी जनही रू. १,००,०००/– (एक लाख रूपैंयाँ) का साथै सम्मानपत्रबाट सम्मानित गरिनेछ।



स्व. लीलाराम न्यौपाने

वि.सं. १९८५ चैत्र २९ बिहीबार-२०६७ चैत्र ३ बिहीबार

लीलाराम जन्मिएको ९ महिनामा पिता र १० वर्षमा माताको निधन हुँदा उहाँले बाल्यजीवनमा अनेकौं बिध्नबाधाहरु सामना गर्नुपर्‍यो । त्यसमाथि दोस्रो विश्वयुद्धको क्रममा तत्कालीन बर्मामा नेपालीहरुले धेरै दुःख पाए ।





वरिष्ठ समाजसेवी एवं कर्मयोगी लीलाराम न्यौपानेको जन्म वि.सं. १९८५ चैत्र २९ गते बिहीबार गुल्मी जिल्लाको हुँगा ८ भेर्दी थुम्कामा भएको थियो । गायत्रीदेवी न्यौपाने र विश्वराम न्यौपानेका कान्छा छोरा लीलारामको बाल्यकाल म्यान्मार (बर्मा) को पोष्ट नाम्टू सेखौ भन्ने स्थानमा बडो कष्टपूर्ण रूपमा बितेकोले औपचारिक शिक्षाको डिग्री प्राप्त गर्न सक्नुभएन । लीलाराम जन्मिएको ९ महिनामा पिता र १० वर्षमा माताको निधन हुँदा उहाँले बाल्यजीवनमा अनेकौं बिध्नबाधाहरू सामना गर्नुपर्‍यो । त्यसमाथि दोस्रो विश्वयुद्धको क्रममा तत्कालीन बर्मामा नेपालीहरूले धेरै दुःख पाए । धेरै मारिए, बस्तीहरू उजाडिए, कोही नेपाल फर्किए तर लीलाराम गाँउलेहरूको साथमा १ वर्षजति कष्टपूर्ण रूपमै जङ्गलमा लुकेर आफ्नो प्राण बचाउन सफल हुनुभयो । यसरी बाल्यकालमै जीवनसँग सङ्घर्ष गर्न सिक्नुभएका लीलाराम केही समय अमेरिकी सैनिक छाउनीको हस्पिटलमा जागिरे बन्नुभयो । केही वर्षपछि जागिर छोडी आफैले व्यापारव्यवसाय सुरु गर्नुभयो । त्यस बेला नेपालीले पशुपालन व्यवसाय गरेकाले उहाँले दूध, मक्खनको व्यवसाय चलाउनुभयो । यही व्यवसायको सुरूवातले गर्दा नै उहाँलाई एउटा सफल व्यवसायी बन्ने प्रेरणा मिल्यो ।

लीलाराम न्यौपानेका जिजुबाजे लक्ष्मीपति र बाजे देवपति आफ्नो जीवनको उत्तरार्द्धमा तपस्वी बनी कुटीमा नै देहत्याग गरेकोले गाउँघरमा अझै पनि वहाँहरूलाई तपस्वीको सन्तान भनिन्छ । यसरी पुर्खाहरूको धार्मिक तथा सामाजिक स्वभाव लीलाराममा पनि परेकोले बर्मामा बस्दा कलिलो उमेरदेखि सामाजिक कार्यमा हातबढाउनु भएको थियो । वहाँ शंखाई (शिव) मन्दिरको सञ्चालक सदस्य, इन्डिया पब्लिक स्कुलको सञ्चालक समिति सदस्य साथै गोर्खा एसोसिएसन, भारतीय नेपाली सिटिजनजस्ता संस्थासँग आबद्ध हुनुहुन्थ्यो ।

सधैं फुर्तिलो, जाँगरिलो, हँसिलो, निडर, परिश्रमी, स्वावलम्बी, मृदुभाषी व्यक्तित्वका धनी लीलाराम २३ वर्ष उमेरको हुँदा हिन्दु मन्दिरमा पाकघर निर्माणको लागि चन्दा सङ्कलन गर्ने क्रममा अस्पतालका स्वीपर पदको कर्मचारी पुरन सिंहले हरेक महिनाको पुरै तलब विभिन्न सामाजिक सङ्घसंस्थालाई दान दिने गरेको घटनाबाट प्रेरणा प्राप्त गरी उहाँले आफूले कमाएको केही अंश रकम दान गर्न सुरूवात गर्नुभयो । यसरी दान गरेको रकमको कारणले वहाँमा थप ऊर्जा थपिन गयो । व्यापारव्यवसायमा झन् राम्रो भएको अनुभूती मिल्न गएको बताउनुहुन्थ्यो ।

वि.सं. २०१४ सालमा बर्मामा आयुर्वेद चिकित्सक धनञ्जय खरेलकी छोरी कुन्ती देवीसँग विवाह बन्धनमा बाँधिनुभएका लीलाराम ६ सन्तान (छोरीहरू सावित्री, शोभा र छोराहरू हरि, दुर्गा, विष्णु र शशी) बाट भरिपूर्ण हुनुहुन्थ्यो। एउटा अनाथबाट एउटा सफल व्यक्तित्व बन्न सफल लीलाराम न्यौपानेको मार्गनिर्देशनबाट परिवारका सदस्यहरूले अम्बे ग्रुप तथा सौरभ ग्रुपको नामबाट विभिन्न उद्योग व्यवसायहरू संचालन गर्नुभएको छ। आफ्नो मातृभूमि सबैलाई प्यारो लाग्छ, यही कारणले लीलारामले पनि वि.सं. २०१८ सालमै भैरहवामा केही जग्गा खरिद गरिसक्नुभएको थियो। वि.सं. २०२० सालतिर बर्मामा जनरल नेविनले सत्ता कब्जा गरेपछि तत्कालीन मुद्रा नचल्ने भयो। एक, दुई, पाँच, दश र बीसदेखि माथिका सबै नोटहरू राष्ट्रियकरण गरियो। पिदुपाई (राष्ट्रियकरण) गरिएका सबै नोटहरू सरकारलाई बुझाउनुपर्ने भयो। ४०% फिर्ता दिने भनिए तापनि विदेशीहरूमाथि बक्रदृष्टि राखियो। त्यसबेला धैरे नेपालीहरू रित्तो हात नेपाल फर्किएका थिए त्यसैले उहाँ पनि भारतको मेघालय हुँदै वि.सं. २०२५ सालदेखि भैरहवामा स्थायी बसोबास गरी बर्मेलीहरू मिलेर सामूहिक रूपमा यातायात सञ्चालन तथा व्यापारव्यवसायमा संलग्न रहनुभएको थियो।

समाज सेवामा पैसा मात्रै नभएर आफै श्रम समेत गरेर सबैको लागि प्रेरणादायी व्यक्तित्वको भूमिका निर्वाह गर्नुभएका लीलारामले भारत, कतार, सिंगापुर, थाइलैण्ड, बेलायत, बेल्जियम, जर्मनी, फ्रान्स र पाकिस्तानको समेत भ्रमण गर्नु भएको थियो।

उहाँ २०५६ सालमा गोरखादक्षिणबाहु चौथोबाट विभूषित हुनुका साथै विभिन्न सङ्घसंस्था, विद्यालयहरूबाट सम्मानित हुनुभएको थियो। सानो उमेरमा निरोगी भए तापनि ७६ वर्षको उमेरमा मुटु रोगको उपचार गराउनुभएकोमा वि. सं. २०६१ सालदेखि मृगौला रोगबाट पिडित भई लगातार ७ वर्षभन्दा बढी हप्ताको ३ पटक डाइलोसिस गराउँदै आउनुभएकोमा वि.सं. २०६७ साल चैत्र ३ गते बिहीबार अकस्मात यस संसारबाट बिदा लिन पुग्नुभयो।

हामीबीच उहाँको भौतिक उपस्थिति नभए तापनि उहाँले थालनी गरेका सामाजिक अभियानहरू प्रेरणाका स्रोतका रूपमा रहिरहनेछन्।



लीलाराम कुन्तीदेवी न्यौपाने प्रतिष्ठान
Lilaram Kuntidevi Neupane Foundation

लीलाराम न्यौपानेले आफ्नो जीवनकालमा विभिन्न किसिमले सहयोग पुऱ्याउनुभएका सङ्घसंस्थाहरू निम्नानुसार रहेका छन्।

| क्र.स. | संस्थाको नाम |
|---|---|
| १ | श्री रूपन्देही लीलाराम न्यौपाने उ. मा. वि., सिद्धार्थनगर, रूपन्देही |
| २ | श्री रूपन्देही क्याम्पस, सिद्धार्थनगर, रूपन्देही |
| ३ | श्री भानु मा. वि., सिद्धार्थनगर, रूपन्देही |
| ४ | श्री बहिरा बाल विद्यालय, रूपन्देही |
| ५ | श्री पब्लिक उच्च मा. वि., दयानगर, रूपन्देही |
| ६ | श्री जनज्योति नमुना कन्या मा. वि., प्रगतिनगर नवलपरासी |
| ७ | श्री गीर्वाण मा. वि., आनन्दवन, मणिग्राम, रूपन्देही |
| ८ | श्री भैरहवा उच्च मा. वि., सिद्धार्थनगर, रूपन्देही |
| ९ | श्री भैरहवा बुहुमुखी क्याम्पस, सिद्धार्थनगर, रूपन्देही |
| १० | श्री संस्कृत विद्याश्रम, सिद्धार्थनगर, रूपन्देही |
| ११ | श्री दुर्गा वेद वेदाङ्ग विद्यापीठ, टिकुलीगढ, रूपन्देही |
| १२ | श्री दुर्गा वेद विद्याश्रम, शंकरनगर, रूपन्देही |
| १३ | श्री पशुपति संस्कृत विद्यापीठ, प्रगतिनगर नवलपरासी |
| १४ | सि. न. पा. ७ स्थित मदरसा, रूपन्देही |
| १५ | रामापुर विद्यालय, कपिलवस्तु |
| १६ | कृष्ण मा. वि., दहचोक, काठमाडौं |
| १७ | देवदह आर्दश बुहुमुखी क्याम्पस, देवदह, रूपन्देही |
| १८ | श्री विवेकाश्रम (साङ्गवेद संस्कृत मा. वि.) चारपाने, झापा |
| १९ | श्री हरिहर सन्यास आश्रम देवघाट, तनँहु |
| २० | श्री विश्वलालनाथ गोविन्द सन्यास आश्रम, मङलपुर, चितवन |
| २१ | श्री र्स्वगद्वारी घाट, सिद्धार्थनगर, रूपन्देही |
| २२ | श्री सत्यसाई वृद्धाश्रम, सिद्धार्थनगर, रूपन्देही |
| २३ | श्री श्यामाश्याम सत्सङ्ग भवन, वृन्दावन, भारत |
| २४ | श्री संत रामेश्वर पदमार्थ सेवा सङ्घ, शङ्खमुल, ललितपुर |
| २५ | श्री भुक्तिनाथ धर्मशाला, रानीपौवा,मुस्ताङ्ग |
| २६ | श्री विश्वहिन्दू महासङ्घ, काठमाडौं |
| २७ | श्री नारायण मन्दिर, सिद्धार्थनगर, रूपन्देही |
| २८ | श्री शिव मन्दिर, मोतिपुर, रूपन्देही |
| २९ | श्री दुर्गा मन्दिर, आनन्दवन, रूपन्देही |
| ३० | श्री न्यौपाने वंश समाज नेपाल आनन्दवन, मणिग्राम, रूपन्देही |
| ३१ | श्री देवाश्रम संरक्षण समिति, कास्की |
| ३२ | श्री भागवत धर्म सेवा सङ्घ, कुलेश्वर, काठमाडौं |
| ३३ | श्री रोहिणी स्वरूप सन्यास आश्रम, सिद्धार्थनगर, रूपन्देही |
| ३४ | श्री बुढानिलकण्ठ विद्याश्रम, काठमाडौं |
| ३५ | श्री दुर्गा मन्दिर, सिद्धार्थनगर-८, रूपन्देही |
| ३६ | श्री रामजानकी मन्दिर, पदसरी, रूपन्देही |
| ३७ | श्री दुर्गा मन्दिर, स्वुचाटार-१, काठमाडौं |
| ३८ | श्री वौदिक सनातन धर्म सेवा समिति, सिद्धार्थनगर, रूपन्देही |
| ३९ | श्री निखिलेश्वर महादेव मन्दिर कोटेश्वर, काठमाडौं |
| ४० | श्री कृष्ण मन्दिर, बुटवल, रूपन्देही |
| ४१ | श्री दामोदर कुण्ड धर्मशाला, मुस्ताङ्ग |
| ४२ | श्री लायन्स धर्मसाला, सिद्धार्थनगर, रूपन्देही |
| ४३ | श्री सहिद गंगालाल पुस्तकालय, सिद्धार्थनगर, रूपन्देही |
| ४४ | श्री सिद्धार्थ जेसिस, सिद्धार्थनगर, रूपन्देही |
| ४५ | श्री जिल्ला बाल कल्याण समिति, रूपन्देही |
| ४६ | श्री रोटरी क्लब सिद्धार्थनगर, रूपन्देही |
| ४७ | श्री सामुदायिक प्रहरी सेवा (७,८ र९),सिद्धार्थनगर, रूपन्देही |
| ४८ | श्री सिद्धार्थ साहित्य परिषद्, सिद्धार्थनगर, रूपन्देही |
| ४९ | श्री रूपन्देही जिल्ला बार एसोसियसन, सिद्धार्थनगर, रूपन्देही |
| ५० | श्री नगरकोट स्वास्थ्य चौकी, भक्तपुर |
| ५१ | श्री राष्ट्रिय मृगौला उपचार केन्द्र, काठमाडौं |
| ५२ | श्री नेपाल नेत्रज्योति सङ्घ, काठमाडौं |
| ५३ | श्री शिव मन्दिर, बसडिलवा, भैरहवा |
| ५४ | श्री पर्रोहा परमेश्वर बोलबमधाम, पर्रोहा |
| ५५ | श्री दुर्गा मन्दिर, टिकुलीगढ |
| ५६ | श्री लीलाधर घिमिरे छपिया जनता कलेज, दयानगर, रूपन्देही |
| ५७ | श्री न्यौपाने बन्धु समाज, काठमाडौं |
| ५८ | श्री स्वावलम्वी परिवार समाज, सिफलचौर, काठमाडौं |
| ५९ | श्री शिव मन्दिर लोकन्थली, भक्तपुर |
| ६० | श्री नवदुर्गा मन्दिर बैंक कलौनी, सिद्धार्थनगर |
| ६१ | श्री नेपाल रेडक्रस सोसाइटी, सिद्धार्थनगर-५ |
| ६२ | श्री प्राथमिक स्वास्थ्य केन्द्र, दुमकौली, नवलपरासी |
| ६३ | श्री गुरूबावियामाई प्राथमिक विधालय, गोनाहा, रूपन्देही |

**लीलाराम न्यौपाने जीवनी व्यक्तित्व** अभिनन्दन ग्रन्थ समाजसेवी लीलाराम न्यौपानेको उपस्थितिमा मिति २०६७ साल ज्येष्ठ ८ गते काठमाडौंमा नेपाल प्रज्ञा प्रतिष्ठानका कुलपति तिलविक्रम नेम्वाङ् (बैरागी काइँला)द्वारा लोकार्पण गरिएको थियो । उक्त समारोहमा विभिन्न विद्वानहरूबाट लीलाराम न्यौपानेको जीवनकालमै उहाँको बारेमा मूल्याङ्कन गर्न पाउनु निकै सौभाग्य हुन गएको भनी विचार व्यक्त गरिएको थियो ।





लीलाराम कुन्तीदेवी न्यौपाने प्रतिष्ठान
Lilaram Kuntidevi Neupane Foundation

## आ. व. ०६९।०७० मा सम्पन्न कार्यक्रम

### (१) २०६९ सालको सम्मान अर्पण कार्यक्रम

समाजसेवी लीलाराम न्यौपानेको ८४ औं जन्मजयन्तीका अवसरमा प्रतिष्ठानद्वारा मिति २०७० साल वैशाख ६ गते काठमाडौंमा आयोजित एक समारोहमा माननीय कानून, न्याय, संविधानसभा तथा संसदीय मामिला र श्रम तथा रोजगार मन्त्री श्री हरिप्रसाद न्यौपानेज्यूबाट राष्ट्रिय जीवनका निम्नलिखित विधामा समर्पित व्यक्तित्व तथा संस्थालाई सम्मान अर्पण गरिएको थियो ।

(१) लीलाराम कुन्तीदेवी न्यौपाने स्वास्थ्यसेवा सम्मान-२०६९ डा. ऋषिकुमार काफ्ले
(२) लीलाराम कुन्तीदेवी न्यौपाने शिक्षासेवा सम्मान-२०६९ सुश्री डमरकुमारी पुन
(३) लीलाराम कुन्तीदेवी न्यौपाने पत्रकारिता सम्मान-२०६९ श्री तीर्थ कोइराला
(४) लीलाराम कुन्तीदेवी न्यौपाने समाजसेवा सम्मान-२०६९ सुश्री पुष्पा बस्नेत
(५)लीलाराम कुन्तीदेवी न्यौपाने पत्रकारिता सम्मान-२०६९ श्री चन्द्रकिशोर झा
(६) लीलाराम कुन्तीदेवी न्यौपाने खेलकुद सम्मान-२०६९ सुश्री विश्वरूपा बुढा
(७) लीलाराम कुन्तीदेवी न्यौपाने शिक्षासेवा सम्मान-२०६९ श्री मालिका उ.मा.वि. जुम्ला



उक्त समारोहमा सम्मानित व्यक्तित्वहरूबाट मन्तव्य राखिनुका साथै विशिष्ट अतिथिको रूपमा भूपू. मन्त्री तथा नेपाली कांग्रेसका केन्द्रीय सदस्य श्री बालकृष्ण खाँणज्यू , भूपू. मन्त्री तथा नेकपा एमालेका केन्द्रीय सदस्य श्री घनश्याम भूसालज्यू र न्यौपाने बन्धु समाजका केन्द्रीय अध्यक्ष वामनप्रसाद न्यौपानेज्यूले समेत स्व. लीलाराम न्यौपानेज्यूको जीवनीको चर्चा गर्दै प्रतिष्ठानका आगामी कार्यक्रमहरूको सफलताको कामना गर्नु भएको थियो । उक्त समारोहमा विभिन्न व्यक्ति तथा संस्थालाई छात्रवृत्ति तथा अनुदान सहयोग समेत प्रदान गरिएको थियो ।

### संस्था तर्फ

(१) राष्ट्रिय मृगौला उपचार केन्द्र काठमाडौं रू. २,५०,०००I–
(२) भैरहवा बहुमुखी क्याम्पसमा छात्रवृत्ति अक्षयकोष स्थापना रू. २,५०,०००I–
(३) मालिका उ.मा.वि. सिंजा जुम्ला छात्रवृत्ति अक्षयकोष स्थापना रू. २,५०,००I–

### व्यक्ति तर्फ

(१) समाजसेवी चरिमाया तामाङले चेलीबेटी बेचबिखन विरूद्ध सञ्चालन गरेको कामको सक्रियताको लागि रू. ५१,०००I–
(२) ग्रामीण क्षेत्रको स्वास्थ्यसेवामा लामो समय कार्यरत रहिसकेका डा. चित्र शर्मा वाग्लेको स्वास्थ्य उपचारमा सहयोगको लागि रू. ५१,०००I–




शैक्षिक सामाग्री वितरण कार्यक्रम



लीलाराम कुन्तीदेवी न्यौपाने प्रतिष्ठान
Lilaram Kuntidevi Neupane Foundation

## आ. व. ०७० I०७१ मा सम्पन्न कार्यक्रम

### (१) २०७० सालको सम्मान अर्पण कार्यक्रम

समाजसेवी लीलाराम न्यौपानेको ८५ औं जन्मजयन्तीका अवसरमा प्रतिष्ठानद्वारा मिति २०७० साल चैत्र २९ गते काठमाडौंमा आयोजित एक समारोहमा माननीय उप-प्रधानमन्त्री तथा संघीय मामिला तथा स्थानीय विकास मन्त्री प्रकाशमान सिंहज्यूबाट राष्ट्रिय जीवनका निम्नलिखित विधामा समर्पित व्यक्ति तथा संस्थालाई सम्मान अर्पण गरिएको थियो ।

(१) लीलाराम कुन्तीदेवी न्यौपाने स्वास्थ्यसेवा सम्मान-२०७० प्रा. डा. भगवान कोइराला
(२) लीलाराम कुन्तीदेवी न्यौपाने शिक्षासेवा सम्मान-२०७० श्री डोरविक्रम श्रीस
(३) लीलाराम कुन्तीदेवी न्यौपाने पत्रकारिता सम्मान-२०७० डा. महेन्द्र बिष्ट
(४) लीलाराम कुन्तीदेवी न्यौपाने समाजसेवा सम्मान-२०७० श्री इन्दिरा राना मगर
(५)लीलाराम कुन्तीदेवी न्यौपाने पत्रकारिता सम्मान-२०७० श्री प्रशान्त अर्याल
(६) लीलाराम कुन्तीदेवी न्यौपाने खेलकुद सम्मान-२०७० श्री शक्ति गौचन
(७) लीलाराम कुन्तीदेवी न्यौपाने शिक्षासेवा सम्मान-२०७० श्री स्वामी कात्तिक उ.मा.वि,बाजुरा



## आ. व. ०७०/०७१ को कार्यक्रम

१. प्रतिष्ठानद्वारा आ. व. ०७०/०७१ मा ५०० जना विद्यार्थीहरूलाई शैक्षिक सामग्री (कापी, कलम, पेन्सिल र स्कुलब्याग) वितरण गरिने कार्यक्रमअनुसार मिति २०७० साल माघ २४ गते श्री रूपन्देही लीलाराम न्यौपाने उ. मा. वि. सिद्धार्थनगरमा छात्रवृत्ति प्राप्त गर्ने विद्यार्थीहरूलाई प्रतिष्ठानका संरक्षक कुन्तीदेवी न्यौपानेज्यूबाट शैक्षिक सामग्री वितरणको शुभारम्भ भएकोमा भानु मा.वि. सिद्धार्थनगर र श्री संस्कृत विद्याश्रम, सिद्धार्थनगर, पञ्चकन्या मा.वि, स्युचाटार, काठमाडौंमा समेत वितरण गरिएको थियो ।



**मिति २०७० चैत्र २९ गते, शनिवारका दिनको कार्यक्रम**

२. लीलाराम कुन्तीदेवी न्यौपाने गरिब तथा जेहेनदार छात्रवृत्ति अक्षयकोष स्थापना
क. श्री स्वामी कार्तिक उ.मा.वि., वाई, बाजुरा रू. २,५०,०००/–
ख. श्री गुरुवानीमाई मा.वि., रूपन्देही रू. २,५०,०००/–
ग. श्री जनज्योति प्रा.वि., ज्यामिरे नवलपरासी रू. २,५०,०००/–

३. श्री रूपन्देही लीलाराम न्यौपाने उ.मा.वि., सिद्धार्थनगर, रूपन्देहीमा विद्यालयको शैक्षिक गुणस्तर सुधार कार्यक्रम सञ्चालन गर्न अक्षयकोष स्थापना रू. २५,००,०००/–

४. मुटुरोगको उपचारमा सहयोगको लागि श्री नेपाल हृदयरोग निवारण प्रतिष्ठान, ललितपुर शाखामा अक्षयकोष स्थापना रू. ४,००,०००/–





## आ. व. ०७१/०७२ को कार्यक्रम

### क. २०७१ सालको सम्मान अर्पण कार्यक्रम

समाजसेवी लीलाराम न्यौपानेको ८६ औं जन्मजयन्तीका अवसरमा प्रतिष्ठानद्वारा मिति २०७१ साल चैत्र २८ गते काठमाडौंमा आयोजित एक समारोहमा माननीय भौतिक पूर्वाधार तथा यातायात मन्त्री श्री विमलेन्द्र निधिज्यूबाट राष्ट्रिय जीवनका निम्नलिखित विधामा समर्पित व्यक्तित्वहरूलाई सम्मान अर्पण गरिएको थियो ।

१) लीलाराम कुन्तीदेवी न्यौपाने स्वास्थ्यसेवा सम्मान – २०७१ डा. सुदर्शनप्रसाद धिताल
२) लीलाराम कुन्तीदेवी न्यौपाने समाजसेवा सम्मान – २०७१ श्री उत्तम सञ्जेल
३) लीलाराम कुन्तीदेवी न्यौपाने पत्रकारिता सम्मान – २०७१ श्री आरती चटौत
४) लीलाराम कुन्तीदेवी न्यौपाने शिक्षासेवा सम्मान – २०७१ श्री महाशर्मा घिमिरे
५) लीलाराम कुन्तीदेवी न्यौपाने खेलकुद सम्मान – २०७१ श्री विमल घर्तीमगर
६) लीलाराम कुन्तीदेवी न्यौपाने पत्रकारिता सम्मान – २०७१ श्री प्रतीक प्रधान
७) लीलाराम कुन्तीदेवी न्यौपाने शिक्षासेवा सम्मान – २०७१ श्री रामलखन हरिजन



## ख. सामुदायिक विद्यालयहरूमा भौतिक पूर्वाधार निर्माणमा सहयोग

१. श्री भेर्दी नि. मा. वि., हुगाँ, गुल्मी रू. १५ लाख
२. श्री काजीमान हरिटिका उ. मा. वि., पुतलीबजार, स्याङ्जा रू. ५ लाख

## ग. लीलाराम कुन्तीदेवी न्यौपाने गरिब तथा जेहेनदार छात्रवृत्ति अक्षयकोषहरुको स्थापना प्रति विद्यालय रू. २,५०,०००/-

१. श्री जनप्रभा उ. मा. वि., लिकुं, डोल्पा
२. श्री भगवती मा. वि., वनकट्टी, नवलपरासी
३. श्री जदअम्बिके भगवती मा. वि., दोधोधरा -१ , रानीकुन्ता, कैलाली
४. पब्लिक उ. मा. वि., छपिया, दयानगर, रूपन्देही
५. श्री ज्ञानोदय मा. वि., कचल, पाल्पा
६. श्री महानन्दप्रसाद उपाध्याय उ. मा. वि., वगही, पर्सा

## घ. स्वास्थ्यसेवामा सहयोग

१. श्री नेपाल नेत्र ज्योति संघ, रूपन्देही जिल्ला शाखाद्वारा सञ्चालित लुम्बिनी नेत्र विज्ञान अध्ययन संस्थान, रण-अम्बिका शाह आँखा अस्पताल भैरहवामा आँखाको नानी प्रत्यारोपण (कर्नीया ट्रान्सप्लान्ट) स्थापना र सञ्चालनमा सघाउ पुर्‍याउन रू. ५ लाखको अक्षयकोषको स्थापना।

## ङ धर्मशाला निर्माणमा सहयोग

१. रूपन्देही सिद्धार्थनगर अन्नपूर्ण टोलस्थित दुर्गा मन्दिरमा धर्मशाला निर्माणमा सहयोग रू. ११,११,१११/-

## आ. व. ०७२/०७३ को कार्यक्रम

क) २०७२ वैशाखमा आएको महाविनाशकारी भूकम्पका कारण सम्मान कार्यक्रम हुन नसकेको ।
ख) भूकम्पपीडितको सहायताका लागि प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा रू.११,११,१११/– जम्मा गरिएको ।

## आ. व. ०७३/०७४ को कार्यक्रम

क) विशेष कारणवश सम्मान कार्यक्रम हुन नसकेको ।
ख) विभिन्न जिल्लाका सामुदायिक विद्यालयमा अध्ययनरत १००० जना विद्यार्थीहरूलाई शैक्षिक सामग्री वितरण गरिएको ।





## हालसम्म प्रतिष्ठान अन्तर्गत विभिन्न विद्यालयमा रहेका छात्रवृत्ति अक्षयकोषहरुबाट लाभान्वित विद्यार्थी विवरण

| सि.नं. | विद्यालय | कोष रकम | स्थापना | हालसम्म छात्रवृत्ति विवरण | | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | वि. संख्या | रकम | |
| १. | रूपन्देही लीलाराम न्यौपाने उ.मा.वि., रुपन्देही | २,५०,००० | २०६१ | २९७ | १,५७,४००/- | ०७३ र ०७४ को वितरण बाँकी |
| २. | रूपन्देही क्याम्पस, सिद्धार्थनगर | २,५०,००० | २०५८ | २२० | २,२३,४००/- | - |
| ३. | भानु मा.वि., सिद्धार्थनगर | २,५०,००० | २०६६ | ३०८ | १,७९,५००/- | - |
| ४. | जनज्योति नमुना मा.वि., प्रगतिनगर, नवलपरासी | ५१,००० | २०५८ | १४२ | ७८,०००/- | - |
| ५. | लीलाधर घिमिरे छपिया जनता कलेज, रूपन्देही | १,००,००० | २०६७ | २५ | ७५,०००/- | - |
| ६. | भैरहवा उ.मा.वि., सिद्धार्थनगर, रूपन्देही | २,५०,००० | २०६९ | १५ | ५४,०००/- | १ वर्ष को वितरण बाँकी |
| ७. | पक्लिहवा मा.वि.,सिद्धार्थनगर, रूपन्देही | २,५०,००० | २०६९ | ३० | ६०,०००/- | ०७३ र ०७४ को वितरण बाँकी |
| ८. | मालिका उ.मा.वि., सिंजा, जुम्ला | २,५०,००० | २०७० | ६२ | ७०,०००/- | - |
| ९. | भैरहवा बहुमुखी क्याम्पस | २,५०,००० | २०७० | ९ | | विवरण प्राप्त नभएको |
| १०. | स्वामी कार्तिक उ.मा.वि., वाई, बाजुरा | २,५०,००० | २०७० | १६ | ८,०००/- | १ वर्षको वितरण बाँकी |
| ११. | गुरुवानी माई मा.वि., रूपन्देही | २,५०,००० | २०७० | १५९ | ९४,०००/- | - |
| १२. | जनज्योति प्रा.वि., ज्यामिरे, नवलपरासी | २,५०,००० | २०७१ | १२५ | ७३,३८१/- | - |
| १३. | जनप्रभा उ.मा.वि., लिंकु, डोल्पा | २,५०,००० | २०७१ | ११ | ५,७००/- | ०७३ र ०७४ को वितरण बाँकी |
| १४. | भगवति मा.वि., वनकट्टी, नवलपरासी | २,५०,००० | २०७१ | ६ | २१,१२५/- | १ वर्ष को वितरण बाँकी |
| १५. | जदअम्बिके भगवती मा.वि., कैलाली | २,५०,००० | २०७१ | - | | वितरण बाँकी |
| १६. | पब्लिक उ.मा.वि., छपिया, रूपन्देही | २,५०,००० | २०७१ | ६० | ६०,०००/- | |
| १७. | ज्ञानोदय मा.वि., कचल, पाल्पा | २,५०,००० | २०७१ | - | | वितरण बाँकी |
| १८. | महानन्दप्रसाद उपाध्याय उ.मा.वि., पर्सा | २,५०,००० | २०७१ | ६१ | २८,५००/- | - |
| | जम्मा | ४१,५१,००० | | १५४६ | ११,८८,००६/- | |

## लीलाराम कुन्तीदेवी न्यौपाने समाजसेवा सम्मान-२०७५
# श्री सीताराम कट्टेल र श्री कुञ्जना घिमिरे



माता श्री कमला कट्टेल तथा पिता श्री बोगराज कट्टेलका सुपुत्रका रूपमा वि.सं. २०४० आषाढ ४ गते सोलुखुम्बु जिल्लाको नेचा बेतघारीमा जन्मनुभएका सीताराम कट्टेल र माता श्री सीता घिमिरे तथा पिता श्री हरिप्रसाद घिमिरेकी सुपुत्रीका रूपमा वि.सं. २०४१ आषाढ १६ गते ललितपुर जिल्लाको चापागाउँमा जन्मनु भएकी कुञ्जना घिमिरे लामो समयदेखि अभिनयका क्षेत्रमा क्रियाशील एवम् सुपरिचित व्यक्तित्व हुनुहुन्छ। नेपाली कलाकारिताका क्षेत्रमा समर्पित विशेषगरी हास्य अभिनेता र हास्य अभिनेत्रीका रूपमा उल्लेख्य योगदान गर्नुभएका श्री कट्टेल र श्री घिमिरे 'मेरी बास्सै' नामक टेलिशृङ्खलामार्फत धुर्मुस र सुन्तलीको भूमिकामा निकै लोकप्रिय हुनुभयो। यसै क्रममा उहाँहरू वैवाहिक बन्धनमा बाँधिनुभयो। धुर्मुस–सुन्तलीका नाउँले ख्यातिप्राप्त उहाँहरूले स्वदेश र विदेशमा विभिन्न कार्यक्रममा सहभागी भएर अभिनय कला प्रस्तुत गर्नुभएको छ भने ठूलो पर्दाका चलचित्रमा समेत सफल अभिनय गर्नुभएको छ। अभिनय कला प्रदर्शनकै क्रममा अमेरिकामा रहेका बखत वि.सं. २०७२ वैशाख १२ गते आएको विनाशकारी महाभूकम्पपछि नेपाल फर्किएर राहत वितरण कार्यमा सरिक हुनुभएका उहाँहरूलाई पीडितका निम्ति राहत मात्र होइन, सुरक्षित आवासको आवश्यकता छ भन्ने कुरा अनुभूत गरी काभ्रे जिल्लाको पाँचखालमा लोपोन्मुख सिमान्तीकृत जातिको पहरी वस्तीका २० परिवारका निम्ति सुरक्षित आवास निर्माण गरी हस्तान्तरण गर्नुभयो। देशविदेशमा रहनुभएका नेपालीहरूको आत्मीय सहयोगबाट यस्ता कार्यलाई संस्थागत गर्न सकिन्छ भन्ने आत्मविश्वासका साथ उहाँहरूबाट 'धुर्मुस–सुन्तली फाउन्डेसन' नामक संस्थाको स्थापना भयो। यसै फाउन्डेसनका माध्यमबाट सिन्धुपाल्चोकमा भूकम्पपीडितका लागि 'गिरौन घर नमुना वस्ती'मा ६६ वटा घर निर्माण गर्नुभएको छ भने तराईका भूमिहीन मुसहर समुदायका लागि महोत्तरीको बर्दिबासमा 'एकीकृत नमुना मुसहर वस्ती' मा ५३ वटा घर निर्माण गर्नुभएको छ। यसैगरी गत वर्ष रौतहटका बाढीपीडितका लागि 'एकीकृत नमुना सन्तपुर वस्ती'मा ५० वटा घर निर्माण गर्नुभएको छ। उहाँहरूले आवास निर्माणको शिलान्यासकै दिन हस्तान्तरण मितिसमेत तय गरी निर्धारित समय अघि नै हस्तान्तरण कार्य सम्पन्न गरेर उदाहरण प्रस्तुत गर्नुभएको छ। सामाजिक सेवाका क्षेत्रमा क्रियाशील रही खासगरी विपतका बेला मानवीय सेवामा उहाँहरूले पुऱ्याउनुभएको योगदान उल्लेखनीय छ। नेपाल सरकारको नीतिनियमभित्र रहेर फाउन्डेसनले आफ्ना गतिविधिहरू अघि बढाइरहेको छ। थुप्रै मानसम्मान र पुरस्कारबाट सम्मानित सीताराम कट्टेल र कुञ्जना घिमिरेलाई नेपाल सरकारले सरसफाइ र पुनर्निर्माणको सद्भावना दूतका रूपमा समेत नियुक्त गरेको छ।





## लीलाराम कुन्तीदेवी न्यौपाने पत्रकारिता सम्मान-२०७५
# श्री चेतन पन्त



माता श्री इन्द्रकुमारी पन्त र पिता श्री नगेन्द्र पन्तका सुपुत्रका रूपमा वि.सं. २०१५ भाद्र २२ गते रूपन्देहीको सिद्धार्थनगरमा जन्मनुभएका चेतन पन्तले वि.सं. २०४४ सालमा नेपाल टेलिभिज हुँदै सारथी साप्ताहिक, स्पेश टाइम दैनिक, इमेज टेलिभिजनलगायतका सञ्चार माध्यमहरू मार्फत तीन दशक लामो समयसम्म योगदान गर्दै आउनुभएको छ। यसै गरी वि.सं. २०५९–२०६० सालमा भारतका लागि ANI (Asian News International) नामक अन्तर्राष्ट्रिय समाचार संस्थाका लागि पश्चिम नेपालबाट Reporting गर्नुभएको छ।
श्री पन्त वि.सं. २०६६ देखि नै लुम्बिनीलाई बुद्ध जन्मस्थलका रूपमा विश्वभरि परिचित गराउन अभियान्ताकै रूपमा निरन्तर कियाशील हुनुहुन्छ। त्यसका निम्ति अमेरिकाका न्युयोर्क, सनफ्रान्सिसको, बर्कली, लसएन्जेलस, हङकङ, म्यानमार, मलेसिया, थाइल्यान्ड लगायतका विदेशी भूमिमा लुम्बिनी र कपिलवस्तुसँग सम्बन्धित फोटो प्रदर्शनी गर्नुभएको छ भने लुम्बिनीको महत्त्व र गरिमालाई फैलाउन लुम्बिनी र कपिलवस्तुबारे नेपाली र अङ्ग्रेजी भाषामा वृत्तचित्र तयार गरी Youtube मार्फत प्रसारण गर्नुभएको छ। उहाँले म्यानमारका नेपालीबारे पनि दुईवटा वृत्तचित्र तयार पार्नुभएको छ। पत्रकारिता एवम् गौतम बुद्धको जन्मस्थल लुम्बिनीको प्रचारप्रसारमा योगदान पुऱ्याएवापत उहाँ लुम्बिनी विकास कोष, लुम्बिनी कपिलवस्तु प्रचार अभियान अष्ट्रेलिया, नेपाल पत्रकार महासङ्घ, नेपाल–भारत अवध मैत्री समाज, हङकङ नेपाली महासङ्घ लगायतका विभिन्न सङ्घसंस्थाबाट सम्मानित, पुरस्कृत हुनुभएको छ। श्री पन्त बुद्ध जन्मस्थल लुम्बिनीलाई विश्व पर्यटकको गन्तव्यका रूपमा पहिचान दिलाउन निरन्तर कियाशील एवम् समर्पित हुनुहुन्छ।

## लीलाराम कुन्तीदेवी न्यौपाने शिक्षासेवा सम्मान-२०७५
# श्री विनोद शाही



माता श्री सुनकेशरी शाही र पिता श्री गणेशबहादुर शाहीका सुपुत्रका रूपमा वि.सं. २०३८ फागुन ११ गते काठमाडौंमा जन्मनुभएका विनोद शाही सानै उमेरदेखि सहयोगी भावनाका धनी हुनाले अध्ययनकै क्रममा समेत विभिन्न सङ्घसंस्थामा स्वयम्सेवकका रूपमा कार्य गर्नुभएको छ। यसै सिलसिलामा कर्णाली अञ्चल डोल्पा जिल्लाका उत्तरी भेगका बालबालिकाहरू हिउँदको समयमा अध्ययन गर्न काठमाडौं आएका बखत उनीहरूलाई पढाउने क्रममा उहाँलाई डोल्पावासीसँग साक्षात्कार हुने अवसर प्राप्त भयो। उहाँले सन् २००४ देखि डोल्पाको साल्दाङमा शिक्षण कार्य

गर्नु भयो । विकटताले गर्दा शिक्षा, स्वास्थ्यजस्ता आधारभूत कुराहरूबाट वञ्चित डोल्पावासीका लागि उहाँले शिक्षण कार्यकै क्रममा समय समयमा स्वास्थ्य शिविरहरू सञ्चालन गरी सेवा पुर्‍याउनुभएको छ। काठमाडौं जस्तो सुविधा सम्पन्न स्थानका वासिन्दा भएर पनि डोल्पाली उत्थानमा केही योगदान गर्नुपर्छ भन्ने सेवाभावबाट अभिप्रेरित भएर सन् २०१४ मा The Snowyak Foundation को स्थापना गरी सोही संस्थामार्फत डोल्पाको उत्तरी भेग साल्दाङ वरिपरिका क्षेत्रमा विद्यालय भवन निर्माण, स्वास्थ्य शिविरको सञ्चालन तथा जनचेतना अभिवृद्धि कार्यक्रमहरू सञ्चालन गर्दै आउनुभएको छ । उहाँ 'डोल्पो शिक्षक' को उपनामबाट सुपरिचित हुनुहुन्छ । हालसम्म उहाँको संस्थामार्फत १३ वटा विद्यालयमा ४३ जना स्वयम्सेवकहरूबाट ८४५ जना विद्यार्थी लाभान्वित भइसकेका छन् । यसरी शिक्षाका क्षेत्रमा पुर्‍याउनुभएको योगदानका लागि उहाँ विभिन्न सङ्घसंस्थाबाट सम्मानित हुनुभएको छ भने विश्वका अति उत्कृष्ट ४० जना शिक्षकभित्र सूचीकृत हुन सफल हुनुभई उहाँले अन्तर्राष्ट्रिय क्षेत्रमा समेत नेपालको प्रतिष्ठा बढाउने कार्य गर्नुभएको छ ।

## लीलाराम कुन्तीदेवी न्यौपाने खेलकुद सम्मान-२०७५
## श्री वसन्त रेग्मी



माता श्री विष्णु रेग्मी तथा पिता श्री बोधराज रेग्मीका सुपुत्रका रूपमा वि.सं. २०४२ चैत्र २४ गते सिद्धार्थनगरमा जन्मनुभएका वसन्त रेग्मी सानै उमेरदेखि क्रिकेट खेलतर्फ आकर्षित भई अन्ततः यसै क्षेत्रमा समर्पित व्यक्तित्व हुनुहुन्छ। उहाँ बाँया हाते सफल ब्याट्स्म्यान तथा अर्थोडक्स स्पिन बलर हुनुहुन्छ । श्री रेग्मी सन् २००६ मार्च महिनामा नामिबिया विरूद्धको क्रिकेट म्याचबाट अन्तर्राष्ट्रिय प्रतियोगितामा प्रवेश गर्नुभएको हो । उहाँले सन् २०१५ मा सम्पन्न ICC विश्व क्रिकेट लिग टुमा नेदरल्याण्डको छैटौं विकेट लिँदै एक सय विकेटको कीर्तिमान कायम गर्नुभएको छ। विश्व क्रिकेट लिगको खेलमा एक सय विकेट लिने उहाँ पहिलो नेपाली कीर्तिमानी खेलाडी बन्न सफल हुनुभयो । उहाँले मोजाम्बिक विरूद्धको खेलमा ५ रन दिएर ८ विकेट लिन सफल भई उत्कृष्ट प्रदर्शन गर्नुभएको थियो। विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मानसम्मान प्राप्त गर्नुभएका रेग्मीकै उत्कृष्ट खेल प्रदर्शनबाट हालै नेपालले एक दिवसीय खेलका निम्ति मान्यता पाउनु नेपाली क्रिकेट खेल इतिहासमै गौरवको विषय भएको छ। उहाँ नेपालको राष्ट्रिय क्रिकेट टिमका सदस्य हुनुहुन्छ ।





## आ. व. ०७४/०७५ को कार्यक्रम

### क) लीलाराम कुन्तीदेवी न्यौपाने गरिब तथा जेहेनदार छात्रवृत्ति अक्षय कोषहरूको स्थापना प्रति विद्यालय रू. २,५०,०००/-

१) बहिरा बाल विद्यालय सिद्धार्थनगर, रूपन्देही
२) वनदेवी प्रा. वि. घ्यु डल्ला, सुनवल, नवलपरासी
३) बाल कल्याण उ. मा. वि. लिवाङ, रोल्पा
४) सुसंस्कृत मा. वि. शान्तिनगर, सिद्धार्थनगर, रूपन्देही
५) भएरस्थान प्रा. वि., सिद्धेश्वर, असारे, पाल्पा
६) भेर्दी आधारभूत विद्यालय हुँगा, गल्मी
७) चुरियामाई उ. मा. वि., हेटौंडा-१५, मकवानपुर
८) सिद्ध प्रा.वि., साउने, पाल्पा
९) गीर्वाण सरस्वती संस्कृत तथा साधारण मा. वि., मणिग्राम, रूपन्देही
१०) महाकाली आधारभूत विद्यालय, कालिका, चितवन

### ख) अन्य संघसंस्था तथा विद्यालयहरूमा सहयोग

१) भानु मा. वि. सिद्धार्थनगरमा शैक्षिक व्यवस्थापन (फर्निचर)मा सहयोग रू. १,०१,००० /–
२) Nepal Cancer Support Group, Harisiddhi, Lalitpur Rs.1,51,000
-३) संस्कृत विद्याश्रम, सिद्धार्थनगरमा पूर्वाधार निर्माणमा सहयोग रू. २,०१,००० /–
४) महानन्दप्रसाद उपाध्याय उ. मा. वि. बगही पर्सामा पूर्वाधार निर्माणमा सहयोग रू. २,०१,००० /–
५) वीरेन्द्र मा. वि. छपिया, रूपन्देहीमा दृष्टिविहीन स्रोत कक्षा भवन निर्माणमा सहयोग रू. ३,०१,००० /–
६) धुर्मुस सुन्तली फाउन्डेसनको कार्यक्रममा सहयोग रू. ५,००,००० /–

लीलाराम कुन्तीदेवी न्यौपाने प्रतिष्ठान
Lilaram Kuntidevi Neupane Foundation

लीलाराम कुन्तीदेवी न्यौपाने प्रतिष्ठान
Lilaram Kuntidevi Neupane Foundation

पोष्ट बक्स नं. २३६६६, सभक्तिमार्ग सिफलचौर-७, काठमाडौं
फोन: ०१-४४७७९५२